आज मिति २०८३/०३/०८ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ५६औं बैठकमा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री ईश्वर नारायण मानन्धर | नगर प्रमुख | | |
| २ | श्री कमला बस्नेत | नगर उपप्रमुख | | |
| ३ | श्री विष्णुप्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री माधव थामी | वडा अध्यक्ष भी.न.पा. १ | | |
| ५ | श्री स्टालिन श्रेष्ठ | वडा अध्यक्ष भी.न.पा. २ | | |
| ६ | श्री हरिशरण शिवाकोटी | वडा अध्यक्ष भी.न.पा. ३ | | |
| ७ | श्री तारानाथ चौलागाई | वडा अध्यक्ष भी.न.पा. ४ | | |
| ८ | श्री बासु श्रेष्ठ | वडा अध्यक्ष भी.न.पा. ५ | | |
| ९ | श्री नविन कुमार लामा | वडा अध्यक्ष नं. ६ | | |
| १० | श्री विनोद तामाङ | वडा अध्यक्ष भी.न.पा. ७ | | |
| ११ | श्री काजी बुढाथोकी | वडा अध्यक्ष भी.न.पा. ८ | | |
| १२ | श्री हिमाल श्रेष्ठ | वडा अध्यक्ष भी.न.पा. ९ | | |
| १३ | श्री गोपाल बहादुर थामी | कार्यपालिका सदस्य | | |
| १४ | श्री मुना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| १५ | श्री गोरे बहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १६ | श्री मिना विश्वकर्मा | कार्यपालिका सदस्य | | |
| १७ | श्री सुशिला थापा | कार्यपालिका सदस्य | | |
| १८ | श्री खेम कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| १९ | श्री भीम बहादुर भुजेल | कार्यपालिका सदस्य | | |
| २० | श्री किरण वली | कार्यपालिका सदस्य | | |
| २१ | श्री माधव प्रसाद सुवेदी | कोष व्यवस्थापक | | |

**भीमेश्वर नगरपालिका**

**नगर कार्यपालिकाको ५६औं बैठकका निर्णयहरु**

मिति : २०८३/०३/०८ गते

## प्रस्तावहरु

प्रस्ताव नं. १ : नगर सभाको कार्यसूची स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. २ : आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. ३ : भीमेश्वर नगरपालिकाको विनियोजन विधेयक, २०८३ स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. ४ : भीमेश्वर नगरपालिकाको आर्थिक विधेयक, २०८३ स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. ५ : न्यायिक समिति र विषयगत समितिको प्रतिवेदन २०८३ स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. ६ : भीमेश्वर नगरपालिकाको तपशिल बमोजिमका ऐनहरु संसोधन विधेयक सम्वन्धमा ।

(क) जलश्रोत ऐन, २०७९ पहिलो संसोधन विधेयक २०८३ सम्वन्धमा

(ख) सहकारी ऐन, २०७४ पहिलो संसोधन विधेयक २०८३ सम्वन्धमा

(ग) प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ पहिलो संसोधन विधेयक २०८३ सम्वन्धमा

(घ) कृषि ऐन, २०७४ पहिलो संसोधन विधेयक २०८३ सम्वन्धमा

(ङ) स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७५ पहिलो संसोधन २०८३ सम्वन्धमा

(च) तिनपाङ्ग्रे सवारी साधन (auto) व्यवस्थापन तथा नियमन कार्यविधि २०८३ सम्वन्धमा

(छ) अति विपन्न नागरिक सहयोग कार्यक्रम कार्यविधि २०८३ सम्वन्धमा

(ज) विद्यालय शिक्षक सरुवा तथा व्यवस्थापन कार्यविधि २०८३ सम्वन्धमा

(झ) भलिवल प्रशिक्षण केन्द्र ( कवर्ड हल)

प्रस्ताव नं. ७ :कवर्ड हाल सम्वन्धमा

प्रस्ताव नं. ८ :तह वृद्धि सम्वन्धमा

बिबिधः सम्बन्धमा

क) वडा नं.९ मा भएको खेलकुद प्रतियोगिताको भुक्तानी सम्वन्धमा

ख) वडा नं. ७ को रकमान्तर भुक्तानी सम्वन्धमा

ग) वडा नं. ४ को रकमान्तर भुक्तानी सम्वन्धमा

घ) डाँडागाउँ -बिसुन्टोल सिचाई पाईप सम्वन्धमा

ङ) मुहान दर्ता सम्वन्धमा

भीमेश्वर नगरपालिका चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

विष्णु प्रसाद ...
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण मालल...

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ५६औं बैठकका निर्णयहरु

मिति : २०८३/०३/०८ गते

निर्णय नं. १:– भीमेश्वर नगरपालिकाको मिति २०८३/३/१० गते आवहान गरिएको नगर सभाको "नवौं अधिवेशन" को संलग्न कार्यसूची स्वीकृत स्वीकृत गर्ने ।

निर्णय नं. २:– भीमेश्वर नगरपालिकाको आ.व. २०८३/०८४ को लागि वार्षिक नीति तथा कार्यक्रम र रु ८९,४०,३३,०००/ (उनान्नब्बे करोड,चालिस लाख तेतिस हजार) को बजेट स्वीकृत गरी मिति २०८३/३/१० गते बस्ने नगर सभामा पेश गर्ने ।

निर्णय नं. ३:– भीमेश्वर नगरपालिकाको विनियोजन विधेयक, २०८३ स्वीकृत गरी मिति २०८३/३/१० गते वस्ने नगर सभामा पेश गर्ने ।

निर्णय नं. ४:– भीमेश्वर नगरपालिकाको आर्थिक विधेयक, २०८३ स्वीकृत गरी मिति २०८३/३/१० गते वस्ने नगर सभामा पेश गर्ने ।

निर्णय नं. ५:– भीमेश्वर नगरपालिकाको देहायका प्रतिवेदन स्वीकृत गरी मिति २०८३/३/१० गते वस्ने नगर सभामा पेश गर्ने

(क) न्यायिक समितिको वार्षिक प्रतिवेदन, २०८३

(ख) सुशासन तथा सस्थागत क्षमता विकास समितिको प्रतिवेदन, २०८३

(ग) आर्थिक विकास समितिको प्रतिवेदन, २०८३

निर्णय नं. ६.१:– भीमेश्वर नगरपालिकाको देहायका ऐनहरु पहिलो संसोधन विधेयक, २०८३ स्वीकृत गरी मिति २०८३/३/१० गते वस्ने नगर सभामा पेश गर्ने ।

देहाय

(क) जलश्रोत ऐन, २०७९ पहिलो संसोधन विधेयक, २०८३

(ख) सहकारी ऐन, २०७४ पहिलो संसोधन विधेयक, २०८३

(ग) प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ पहिलो संसोधन विधेयक, २०८३

(घ) कृषि ऐन, २०७४ पहिलो संसोधन विधेयक, २०८३

६.२ भीमेश्वर नगरपालिकाको देहायका कार्यविधि तयार / संसोधन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने।

(क) तिनपाङ्ग्रे सवारी साधन (auto) व्यवस्थापन तथा नियमन कार्यविधि, २०८३

(ख) विद्यालय शिक्षक सरुवा तथा व्यवस्थापन कार्यविधि, २०८३ ।

(ग) स्थानीय राजपत्र प्रकाशन कार्यविधि,२०७५ पहिलो संसोधन, २०८३

६.३ भीमेश्वर नगरपालिका अति विपन्न नागरिक सहयोग कार्यक्रम कार्यविधि, २०८३ स्वीकृत गर्ने ।

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ५६औं बैठकका निर्णयहरु
मिति : २०८३/०३/०८ गते

निर्णय नं. ७:– यस नगरपालिकाद्वारा वडा नं.३ मा निर्माण गरिएको आधुनिक सुविधा सहितको कबर्ड हललाई यस क्षेत्रको भलिबल प्रशिक्षण केन्द्रको रुपमा विकास गर्ने ।

निर्णय नं. ८:– तह बृद्धि सम्बन्धमा

यस नगरपालिकामा अधिकृत सातौं तहमा कार्यरत कर्मचारीहरू श्री सुरेश राउत, श्री माधव प्रसाद सुबेदी, श्री नारायण प्रसाद शिवाकोटी र श्री ज्ञानुकुमार खड्काले भीमेश्वर नगरपालिकाबाट मिति २०८२/०९/०७ गते प्रकाशित तहवृद्धि सम्बन्धी सूचना अनुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३० बमोजिम तहवृद्धिका लागि योग्य भएको कागजातहरु सहित तोकिएको म्यादभित्र निवेदन पेश गरेकोमा तहवृद्धिका लागि आवश्यक सेवा अवधि गणना सम्बन्धमा कार्यालयलाई कानुनी अस्पष्टता भई नगरपालिकाबाट तहवृद्धि प्रक्रिया अगाडि बढाउन नसकेको अवस्थामा सम्बन्धित कर्मचारीहरूले न्यायिक निरूपणका लागि उच्च अदालत पाटनमा उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउनको लागि रिट निवेदन दायर गरी उक्त रिट निवेदनमा श्री उच्च अदालत पाटनबाट मिति २०८३/०२/२० मा यस नगरपालिकाका नाममा परमादेश जारी भई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३० (१) बमोजिम तह वृद्धि हुनका लागि सोहि दफाको उपदफा ३ ले दिएको अधिकार अनुरुप साविकको समायोजन पूर्व छैटौ पदमा कार्य गरेको सेवा अवधि गणना सम्वन्धमा आवश्यक तथ्य वुझि कानुन बमोजिम निर्णय गर्न नगरपालिकालाई परमादेश जारी भएकोमा यस नगरपालिकाबाट सो तह वृद्धि सम्बन्धमा सुशासन तथा संस्थागत क्षमता विकास समिति मार्फत नगर कार्यपालिकामा पेश गर्न मनाशिव हुनेहुँदा सुशासन तथा संस्थागत क्षमता विकास समितिमा पठाइएकोमा समितिले देहायका विषय वस्तुलाई समेटी सिफारिस गरेको पाईयो ।

(क) उक्त विषयमा बागमती प्रदेशबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३० मा तहवृद्धि सम्बन्धी कानुनी व्यवस्था रहेको, श्री उच्च अदालत, पाटनको वादी सन्तोष कुमार अधिकारी प्रतिवादी प्रदेश लोकसेवा आयोग बागमती प्रदेश समेत रहेको उत्प्रेषण परमादेश (रिट नं. ०८१-WO-०१९५)मा माननीय न्यायाधीश रमेश ढकाल र माननीय न्यायाधीश टिकाराम आचार्यज्यूको संयुक्त ईजालसको उत्प्रेषण परमादेशको आदेश निर्णय नं. १४१ को प्रकरण नं. १४ - "प्रस्तुत रिट निवेदनको विषयवस्तुसंग सम्बन्धित योग्यताको विषयमा प्रदेश लोकसेवा आयोग, बागमती प्रदेशले मिति २०८१/०३/२३ मा गरेको निर्णयमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ को खण्ड (ख) मा "अधिकृत नवौं तहको लागि अधिकृत आठौं, सातौं र समायोजनपूर्व रा.प. तृतीय श्रेणीको सेवा अवधि गरी कम्तिमा ५ बर्ष सेवा अवधि पूरा गरेको" भन्ने व्यवस्थाको आधारमा विगतमा समायोजनपूर्व स्थानीय निकायका छैटौं तहमा कार्यरत रहेका कर्मचारीलाई रा.प. तृतीय श्रेणी सरह मानी नवौं तहको बढुवाका लागि सेवा अवधि गणना गरिनु उचित र विवेकसम्मत हुने भनी निर्णय गरेको कुरा संलग्न कागजबाट देखिन्छ भन्ने व्यहोरा, त्यसैगरी छैटौं तहको कर्मचारीलाई समायोजन पूर्वको राप तृतीय श्रेणी सरहको मानिने गरेको सन्दर्भ,

(ख) स्थानीय स्वायत्त शासन नियमावली २०५६, नियम २६९ ख. तह मिलान गरिने: १) स्थानीय निकायको अधिकृत तृतीय वा द्वितीय श्रेणीको पदमा स्थायी निर्युक्ति भएको कुनै कर्मचारीको तह मिलान हुन बाँकी रहेको भएमा त्यस्ता कर्मचारीलाई क्रमश: अधिकृतस्तर छैटौं र आठौं तहमा कायम गरिनेछ भन्ने व्यवस्था उल्लेख भएको कुरा ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ५६औं बैठकका निर्णयहरु
मिति : २०८३/०३/०८ गते

(ग) बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा २९. "समायोजन भएका कर्मचारीको जेष्ठताको गणना: (१) समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीको जेष्ठता समायोजन हुनुपूर्वको साविकको सेवा समूहको तहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी गणना गरिने छ भन्ने व्यवस्था रहेको कुरा ।

(घ) बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ३० (३) "तहबृद्धिको लागि सेवा अवधि गणना गर्दा समायोजन हुनु पूर्व कायम रहेको सेवा समूहको सम्बन्धित समान श्रेणी वा तहमा कायम रहेको अवधि समेत गणना हुनेछ ।"भन्ने व्यवस्था रहेको कुरा ।

उल्लेखित कानुनी व्यवस्था हेरीबुजी सिफारिस गरेको व्यहोरा समेतको आधारमा श्री उच्च अदालत पाटनको उक्त परमादेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३० (१) र (३) तथा प्रचलित कानुनी व्यवस्था बमोजिम परीक्षण गर्दा कर्मचारीहरू श्री सुरेश राउत, श्री माधव प्रसाद सुबेदी, श्री नारायण प्रसाद शिवाकोटी र श्री ज्ञानुकुमार खड्काले सातौं तहबाट आठौं तहमा तहवृद्धि हुन आवश्यक न्यूनतम सेवा अवधि, न्यूनतम शैक्षिक योग्यता र तोकिए बमोजिमको कार्यसम्पादन मूल्याकन प्राप्त गरेको कार्यालयको सिफारिस लगायत सबै योग्यता तथा शर्तहरू पूरा गरेको देखिएको हुँदा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३० (१) बमोजिम आठौ तहमा तहबृद्धिका लागि उपयुक्त देखिएकाले निजहरूलाई अधिकृत सातौं तहबाट अधिकृत आठौं तहमा तहवृद्धि गरी पदस्थापन गर्न र सो सम्बन्धमा गरेको निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्न कार्यालयलाई निर्देशन गर्ने ।

विविधः

क) भीमेश्वर नगरपालिका वडा नं.९ खारिढुङ्गामा मिति २०८२ असोज २७ गतेदेखि कार्तिक २ गतेसम्म संचालन भएको फुटवल प्रतियोगितामा विनियोजित बजेट सि.न.५९८ मा विनियोजित रु ४,५०,०००/ र कार्यपालिकाको मिति २०८२/०८/१२ गतेको निर्णयबाट विनियोजित रु १,००,०००/- समेत जम्मा रु ५,५०,०००/-बाट उक्त खेलकुद प्रतियोगिताको खर्च भुक्तानी गर्ने ।

ख) भीमेश्वर नगरपालिका वडा नं. ७ चालु आ.व. ०८२/८३ मा देहायका शीर्षकमा विनियोजित बजेट विभिन्न कारण कार्यान्वनमा कठिनाई भएकोले शिर्षकान्तर /रकमान्तर गरिदिन वडाको निर्णय सहित अनुरोध आएकोले देहाय बमोजिम शिर्षकान्तर /रकमान्तर गरी कार्यान्वन गर्ने ।

| ब.सि.न. | साबिक योजना/ कार्यक्रम | रकम रु | संसोधित योजना/ कार्यक्रम | रकम रु |
|---|---|---|---|---|
| ५४१ | उखुवारी शिवमन्दिर निर्माण | १.५ लाख | त्रिपाल प्लाष्टिक खरिद | १.५ लाख |
| ५४४ | कालभैरब मन्दिर निर्माण | ४ लाख | कपि खरिद भुक्तानी | १.२५ लाख |
| ५५८ | सेलिंग शेर्पा घाट निर्माण | ३ लाख | बिद्धार्थी ई-हाजिर व्यबस्थापन | ५० हजार |
| ५२९ | दलित लक्षित कार्यक्रम | १ लाख | (क)ल्यापटप र थ्री ईन वान प्रिन्टर खरिद<br>(ख)कार्यालयमा आवश्यक सामाग्री उपकरण खरिद | १.२५ लाख<br>५ लाख |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ५६औं बैठकका निर्णयहरु
मिति : २०८३/०३/०८ गते

ग) भीमेश्वर नगरपालिका वडा नं. ४ को विनियोजित बजेट सि.न.४२६ यन्त्र उपकरण शिर्षकमा विनियोजित रु ३,००,०००/ र बजेट सि.न.४२७, वृतचित्र शिर्षकमा विनियोजित १,००,०००/-लाई शिर्षकान्तर/समायोजन गरी यन्त्र उपकरण शिर्षकमा रु ४,००,०००/- खर्च गर्ने ।

घ) भीमेश्वर नगरपालिका ५ डांडागाउँ बिसुन्टोल खेत सिचाई गर्न ब.सि.नं.१३८ बाट प्राबिधिक ल..ई. मध्ये २७०००/- उपलब्ध गराउने ।

ङ) दोलखा चेस होम नेपाललाई २०८३/१/२८ गतेदेखि २०८३/२/२ सम्म राष्ट्रिय स्तरको चेस यस नगरपालिकाको चारिकोट संचालन गरेकोले उक्त कार्यक्रम संचालन खर्च रु २५,०००/-उपलध गराउने

च) भीमेश्वर नगरपालिका वडानं.१ मा रहेको कुर्दुलुक खानेपानी तथा सरसफाई उपभोक्ता समितिले पेश गरेको मुहान दर्ता सम्वन्धमा जलश्रोत व्यवस्थापन समितिको बैठकबाट सिफारिस भई आएको मुहान दर्ता गर्ने ।

छ) चालु आ.व.०८२/८३मा सङ्घीय तथा प्रदेश समपुरक तर्फ संचालनमा रहेका आयोजनाहरुको ठेक्काको म्याद तपशिल बमोजिम थप गर्ने ।

तपशिल

(१)देउराली -पानिघाट सडक — भिनपा १, २०८३ मंगसिर मसान्तसम्म

(२) घ्यावापानी -सेरा -निगाले सडक, (घट्टेखोला-निगाले खण्ड) भिनपा ६,७,८,९- २०८३ मंगसिर मसान्तसम्म

(३) घुम्ती -लामागाउँ — वडा कार्यालय -यार्सा सडक, भिनपा ८-२०८३ मंगसिर मसान्तसम्म

(४) सूचना प्रविधिमा आधारित कृषि उपज बजार निर्माण, भिनपा ३ -२०८३ मंगसिर मसान्तसम्म

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका, दोलखा
चरिकोट, बागमती प्रदेश, नेपाल
२०७३